## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावलीको, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत ।

**सूचना सार्वजनिक गरेको अवधिः** २०७९ श्रावण देखि २०७९ मंसिर मसान्त सम्म

### १. कार्यालयको स्वरुप र प्रकृति

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश मन्त्रिपरिषद, प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन, सञ्चार, भ्रष्टाचार नियन्त्रण र संघ र स्थानीय तहसंगको सम्पर्क र समन्वय। कर्णाली प्रदेश, प्रदेश सरकार कार्यविभाजन नियमावली,२०७४ मा उल्लेख भए बमोजिम यस कार्यालयको कार्य जिम्मेवारीहरू अन्तर्गत पर्ने कार्यहरू सम्पादन गर्न यस कार्यालयको लागि नेपाल सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २४ मिति २०७५।०४।०९ को पत्रसाथ प्राप्त पछिल्लो संगठन संरचनाले देहायको सङ्गठन संरचनाको व्यवस्था गरेको छ।

क) दुरदृष्टी

नेपालको संविधान तथा कानूनद्धारा प्रत्याभूत अधिकार र दायित्व पालना गरी जवाफदेही, पारदर्शी, सहभागितामूलक एवं जनमुखी सेवा प्रवाह मार्फत सुशासन कायम गर्ने।

ख) उद्देश्य

प्रदेशको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, परिणाममुखी, जवाफदेही र जनउत्तरदायी बनाइ प्रदेशको विकास र समृद्धि हासिल गर्ने।प्रदेशमा भरपर्दो, विश्वसनीय, मजबुत सुरक्षा प्रबन्ध मिलाइ शासकीय सबलीकरण गर्ने।

ग) रणनीतिः

अन्तर तह, अन्तर निकायको सहकार्य र समन्वयमा प्रदेश सुरक्षा, विकास तथा सुशासनको प्रत्याभूत गर्ने।प्रदेश मातहतका मन्त्रालय तथा कार्यालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण गर्ने।मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने। निर्वाचन कार्यमा सहयोग र समन्वय गर्ने। प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वय गर्ने। प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने।

### २. कार्यक्षेत्रः

यस कार्यालयले सम्पादन गर्नेपर्ने कार्यहरु देहायनुसार रहेका छन्

- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी कार्य गर्ने।
- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने।

- प्रदेश सरकारको कार्यविभाजन तथा कार्य सञ्चालन गर्ने।
- प्रदेश सरकरो नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने।
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण गर्ने।
- प्रदेश मन्त्रिपरिषद निर्णयको कार्यान्वयन र अनुगमन गर्ने।
- प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने।
- प्रदेश भित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक, जानकारी र सम्बोधन गर्ने।
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने।
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार गर्ने।
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय गर्ने।
- संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन गर्ने।
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन बनाउने।
- अन्तर प्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तसम्बन्ध प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कनूनको तर्जुमा र कार्यान्वयन गर्ने।
- निर्वाचन कार्यमा सहयोग र समन्वय गर्न।
- प्रदेशस्तरमा मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन गर्ने।
- प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गर्ने।
- प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरको तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय गर्ने।
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्रही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठनक संरचना

**मुख्यमन्त्री**

**मुख्यमन्त्रीको निजि सचिवालय**
अधिकृत (प्र./सा.प्र/ ९/१० तह) - १
कम्प्युटर सहायक/अधिकृत ( ५/६ तह)- १

**प्रमुख सचिव**
रा.प विशिष्ट श्रेणी - १

**प्रमुख सचिवको सचिवालय**
अधिकृत/७/८ तह/प्र.सा. - १

**प्रशासन तथा बैठक व्यवस्थापन महाशाखा**
प्रदेश सचिव/रा.प.प्रथम/प्र/सा.प्र - १
सहायक/अधिकृत/५/६ तह./प्र./प्र.सा) - १

**प्रशासन तथा मानव संसाधन विकास शाखा**
अधिकृत (प्र./सा.प्र/ ९/१० तह) - १
अधिकृत (प्र ७/८ तह/प्र.सा. - २
सहायक/अधिकृत ( ५/६ तह) - ३
कम्प्युटर स/अधिकृत (५/६ तह) -१
सहायक (४/५ तह) - १
ह.स.चा. श्रेणी विहिन - ७
का.स श्रेणी विहिन - ९

**बैठक शाखा**
अधिकृत (प्र./सा.प्र/ ९/१० तह) - १
अधिकृत (प्र./सा.प्र ७/८ तह) - १
सहायक/अधिकृत( ५/६ तह) - १
कम्प्युटर स/अधिकृत( ५/६ तह) -१

**आर्थिक प्रशासन शाखा**
लेखा अधिकृत (७/८ तह प्र/लेखा) - १
लेखा सहायक (प्रशासन ४/५ तह प्र/लेखा)- १

**शासकीय सुधार तथा समन्वय महाशाखा**
प्रदेश सचिव /रा.प.प्रथम/प्र/सा.प्र - १
सहायक/अधिकृत/५/६ तह./प्र./प्र.सा) - १

**योजना,अनुगमन तथा अर्थिक पूर्वाधार शाखा**
अधिकृत (प्र./सा.प्र/ ९/१० तह) - १
अधिकृत/७/८ तह/प्र.सा. - १
सहायक/अधिकृत ५/६ तह) - १
कम्प्युटर स/अधिकृत ( ५/६ तह) - १

**शासकीय सुधार शाखा**
अधिकृत (प्र./सा.प्र/ ९/१० तह) - १
अधिकृत (प्रशासन ७/८ तह) - १
सहायक/अ (प्र. ५ / ६ तह) - १

**सूचना प्रविधि तथा समन्वय शाखा**
अधिकृत/७/८ तह/प्र.सा. - १
कम्प्युटर ईन्जिनियर (प्रा./क.७/८ तह) - १
कम्प्युटर स/अधिकृत (५/६ तह) - १
सहायक/अधिकृत ( प्र. ५/६ तह) - १

**कानून महाशाखा**
प्रदेश सचिव /रा.प.प्रथम/न्याय/कानुन - १
सहायक/अधिकृत/५/६ तह./प्र./प्र.सा) -

**कानून तथा फैसला कार्यान्वयन शाखा**
उपसचिव /रा.प.द्धितीय/न्याय/ कानुन- १

**मानव अधिकार प्रवर्द्धन शाखा**
अधिकृत/७/८ तह/प्र.सा. - १
सहायक/अ( प्र. ५/६ तह) - १

**कर्मचारी अभिलेख शाखा**
अधिकृत (प्र./सा.प्र/ ९/१० तह) -
अधिकृत/७/८ तह/प्र.सा. -
सहायक/अधिकृत /५/६ तह/प्र./सा.प्र. - २
कम्प्युटर सहायक/अधिकृत /५/६ तह/विविध-
सहायक (४/५ तह) -
ह.स.चा. (श्रेणी विहिन) -
का.स. (श्रेणी विहिन) -

४.निकायमा रहने शाखा र प्रदान गरिने सेवाः

| क्र स | कार्य जिम्मेवारीहरू | जिम्मेवार महाशाखा |
|---|---|---|
| १ | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी | प्रशासन तथा बैठक महाशाखा |
| २ | प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन | प्रशासन तथा बैठक महाशाखा |
| ३ | प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन | प्रशासन तथा बैठक महाशाखा |
| ४ | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन | प्रशासन तथा बैठक महाशाखा |
| ५ | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ६ | प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण | प्रशासन तथा बैठक महाशाखा |
| ७ | प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन | प्रशासन तथा बैठक महाशाखा |
| ८ | प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ९ | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन | प्रशासन तथा बैठक महाशाखा |
| १० | मानवअधिकारको संरक्षण र प्रवर्द्धन | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ११ | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १२ | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय | कानून तथा संवैधानिक मामिला महाशाखा |
| १३ | संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १४ | प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन | प्रशासन तथा बैठक महाशाखा |
| १५ | अन्तरप्रदेश परिषद र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध | शासकीय सुधार तथा समन्वय महाशाखा |

| | | |
|---|---|---|
| १६ | प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन | प्रशासन तथा बैठक महाशाखा |
| १७ | निर्वाचन कार्यमा सहयोग र समन्वय | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १८ | प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन | प्रशासन तथा बैठक महाशाखा |
| १९ | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन | शासकिय सुधार तथा समन्वय महाशाखा |
| २० | प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण | शासकीय सुधार तथा समन्वय महाशाखा |
| २१ | प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय | शासकीय सुधार तथा समन्वय महाशाखा |
| २२ | प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन | शासकीय सुधार तथा समन्वय महाशाखा |
| २३ | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा | कानून तथा संवैधानिक मामिला महाशाखा |

५. निकायबाट सम्पादन हुने कार्यहरु

- प्रदेश सरकार सञ्चालनका लागि आवश्यक ऐन, नियम, कार्यविधि, मापदण्ड आदि तर्जुमा गर्ने गराउने।
- संवैधानिक व्यवस्थाअनुसार नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने।
- प्रदेश सरकार र मातहत निकायबाट कार्यजिम्मेवारी अनुसारका नीति, कार्यक्रम तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयनको व्यवस्था मिलाउने।
- प्रदेश सरकार र मातहत निकायबाट सम्पादित कार्यहरुको अनुगमन, मुल्याङ्कन तथा निर्देशन गर्ने।
- प्रदेश सरकारका संगठन तथा जनशक्ति व्यवस्थापन गर्ने।
- संविधान तथा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार कार्यालयको कार्यजिम्मेवारीका कार्यहरु गर्ने।

६. निकायमा रहने कर्मचारीहरुको संख्या र कार्य विववरण

| क्र.सं | कर्मचरीको नाम थर | पद | कार्यरत शाखा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री डा.गोपीकृष्ण खनाल | प्रमुख सचिव | | ९८५८००४४४४ |
| २ | श्री आनन्द सारु | सचिव | शासकिय सुधार तथा समन्वय महाशाखा | ९८५१२२९३०१ |
| ३ | श्री प्रेम प्रसाद आचार्य | सचिव | प्रशासन तथा बैठक व्यवस्थापन महाशाखा | ९८४००६९७५३ |
| ४ | श्री शंकर के.सी. | सचिव कानून | कानून तथा संबैधानिक मामिला महाशाखा | ९८५११९९६३६ |

| | | | | |
|---|---|---|---|---|
| ५ | श्री नेत्र बहादुर कार्की | अधिकृत नवौं | माननीय मुख्यमन्त्रीज्यूको सचिवालय | ९८४९२१३३८९ |
| ६ | श्री हेमबहादुर राना | उप सचिव | आर्थिक पूर्वाधार शाखा | ९८४९२५५५५४ |
| ७ | श्री बीरेन्द्र बहादुर के सी | उप सचिव | कानून तथा संबैधानिक मामिला महाशाखा | ९८४३०१७४१३ |
| ९ | श्री केशवप्रसाद उपाध्याय | उप सचिव | शासकीय सुधार शाखा | ९८५८०८६४०० |
| १० | श्री लक्ष्मी वि.क. | शाखा अधिकृत | बैठक शाखा | ९८४९२२६०९० |
| ११ | श्री बम बहादुर नेपाली | शाखा अधिकृत | मानब अधिकार प्रवद्धन शाखा | ९८४८०४८८१२ |
| १२ | श्री युवराज न्यौपाने | शाखा अधिकृत | योजना अनुगमन तथा आर्थिक पूर्वाधार शाखा | ९८४७०६८९१३ |
| १३ | श्री राम बहादुर सारु | अधिकृतस्तर सातौ | शासकीय सुधार शाखा | ९८४८०४८२२३ |
| १४ | श्री गिता बरै मगर | शाखा अधिकृत | प्रशासन तथा मानव संशाधन विकास | ९८४८०४१५९६ |
| १५ | श्री सर्वदल शाही | शाखा अधिकृत | प्रशासन शाखा | ९८४८०५०३४० |
| १६ | श्री मदन कुमार गिरी | शाखा अधिकृत | प्रशासन शाखा | ९८४८०५०३४० |
| १७ | श्री सस्वती सापकोटा | शाखा अधिकृत | अभिलेख शाखा | |
| १८ | श्री अर्जुन पौडेल | अधिकृतस्तर छैठौं | प्रशासन शाखा | ९८४८०३८७९४ |
| १९ | श्री पार्वती वली | अधिकृतस्तर छैठौं | शासकीय सुधार शाखा | ९८४८००३१६८ |
| २० | श्री नवराज शर्मा | अधिकृतस्तर छैठौं | माननीय मुख्यमन्त्रीज्यूको निजी सचिवालय | ९८४८०६१६९२ |
| २१ | श्री रमेश प्रसाद पाण्डेय | अधिकृतस्तर छैठौं | प्रमुख सचिवज्यूको सचिवालय | ९८४८०५१६१२ |
| २२ | श्री ज्योती शाही | कम्प्युटर अधिकृत छैठौं | सूचना संचार तथा समन्वय शाखा | ९८४८१७९२१८ |
| २३ | श्री सुर्वण कुमार शाही | कम्प्युटर अधिकृत छैठौं | सूचना संचार तथा समन्वय शाखा | ९८४८०३८६१३ |
| २४ | श्री भुवन कंडेल | कम्प्युटर अधिकृत छैटौं | प्रशासन तथा बैठक महाशाखा | ९८४८०७५८३४ |
| २५ | श्री रत्ना पौडेल | अधिकृतस्तर छैठौं | सूचना संचार तथा समन्वय शाखा | ९८६८६४४६०१ |
| २६ | श्री संदिप शर्मा | कम्प्युटर सहायक पाँचौं | बैठक शाखा | ९८४८१४०६७५ |
| २७ | श्री चन्द्र बहादुर मन्दिर | कम्प्यूटर सहायक पाँचौं | माननीय मुख्यमन्त्रीज्यूको निजी सचिवालय | ९८४८२३०३१२ |
| २८ | श्री विनोद रेग्मी | सहायकस्तर पाँचौं | कानून महाशाखा | ९८६६७०८७०८ |
| २९ | श्री दलबहादुर बुढा | सहायकस्तर पाँचौ | प्रशासन शाखा | ९८४८०६८९३७ |
| ३० | श्री नविन ढकाल | सहायकस्तर पाँचौं | योजना अनुगमन तथा आर्थिक पूर्वाधार शाखा | ९८४८०८८८९७ |
| ३१ | श्री निरञ्जना रेग्मी | सहायकस्तर पाँचौ | प्रशासन शाखा | ९८४८१५७१९५ |
| ३२ | श्री किरण कुमार थापा | सहायकस्तर पाँचौ | कर्मचारी अभिलेख शाखा | ९८४८१२०१६० |
| ३३ | श्री कालिप्रसाद पौडेल | सहायकस्तर पाँचौ | माननीय मुख्यमन्त्रीज्यूको निजी सचिवालय | ९८४८०४७५४४ |
| ३४ | श्री दुर्गा बराल मगर | कम्प्युटर सहायक पाँचौ | आर्थिक पूर्वाधार शाखा | ९८४४८६३१७३ |
| ३५ | श्री शोभा वास्कोटा | सहायकस्तर पाँचौं | प्रशासन शाखा | ९८६८१०९३८५ |
| ३६ | श्री प्रदिप बस्नेत | सहायकस्तर पाँचौ | प्रशासन शाखा | ९८४४८०५१४४ |
| ३७ | श्री दिपेन्द्र कुमार सिंह | लेखा सहायक | आर्थिक प्रशासन शाखा | ९८६८०३१७६८ |
| ३८ | श्री ढुण्डीराज खरेल | हलुका सवारी चालक | ह.स.चा | ९८६६५३८८८८ |
| ३९ | श्री तिलक प्रसाद ज्ञवाली | हलुका सवारी चालक | ह.स.चा | ९८४८१५६५२४ |
| ४० | श्री सागर भट्टराई | हलुका सवारी चालक | ह.स.चा | ९८४८२८१२०४ |
| ४१ | श्री धर्मराज शाही | हलुका सवारी चालक | ह.स.चा. | ९८६९७०९३२४ |
| ४२ | श्री टेक वहादुर थापा | हलुका सवारी चालक | ह.स.चा | ९८६८१०२४५० |
| ४३ | श्री खेम बहादुर सिंह ठकुरी | हलुका सवारी चालक | ह.स.चा. | ९८४८१७४५८६ |

| | | | | |
|---|---|---|---|---|
| ४४ | श्री सोनम चौधरी | कार्यालय सहयोगी | का.स. | ९८४८१६९९६६ |
| ४५ | श्री मोहन सिंह खड्का | कार्यालय सहयोगी | का.स. | ९८४८२३२११९ |
| ४६ | श्री दुर्गा प्रसाद रताला | कार्यालय सहयोगी | का.स. | ९८४४८९१६३६ |
| ४७ | श्री कौशिला थापा | कार्यालय सहयोगी | का.स. | ९८४८०८५५५७ |
| ४८ | श्री सीता सार्की | कार्यालय सहयोगी | का.स. | ९८४८०७९०९२ |
| ४९ | श्री हरिलाल गौतम | कार्यालय सहयोगी | का.स. | ९८४८०३७५९४ |
| ५० | श्री गौरी रावत | कार्यालय सहयोगी | का.स. | ९८२२४६२११० |
| ५१ | श्री पार्वती खड्का | कार्यालय सहयोगी | का.स. | |
| ५२ | श्री विरिन्दा धमला | कार्यालय सहयोगी | का.स. | ९८६८७६८२७६ |

७. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः

यस कार्यालयबाट प्रवाह गरिने सबै सेवा निःशुल्क रुपमा प्रवाह गरिने।

८. निकाय प्रमुख र सूचना अधिकारी नाम र पद

**प्रमुखः** प्रमुख सचिव श्री गोपीकृष्ण खनाल

**सूचना अधिकारीः** उप सचिव श्री कृष्ण प्रसाद खरेल

९. सम्पादन गरेको कामको विवरण

- सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियमा २५ को उपनियम १ (क) ले दिएको अधिकार प्रयोग गरी प्रदेशमा सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न शासकीय सुधार सचिव ज्यू को संयोजकत्वमा तीन सदस्यीय प्रदेश अनुगमन इकाई गठन भएको ।
- **PLGSP** को कार्यक्रमलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यक्रमसँग **Alliance** गरिएको ।
- मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धमा कर्णाली प्रदेशका सबै जिल्ला समन्वय समिति र स्थानीय तहहरुसँग समन्वय र पत्राचार भएको
- करिब २०० जना माध्यमिक तहका विद्यार्थीहरु आधारभूत कानूनी व्यवस्थाको बारेमा सचेतीकरण भएका।
- संघीयता कार्यान्वयनको अवस्थाको सम्बन्धमा राष्ट्रिय सभाको विशेष समितिबाट आयोजना गरिएको कार्यक्रममा समन्वय र सहयोग भएको। संघीयता कार्यान्वयन को लागि आवश्यक सुझावहरु विषयगत मन्त्रालयसमेतको समन्वयमा उक्त समितिलाई उपलब्ध गराइएको।
- कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धी अवधारणा पत्र तयार भएको छ।
- कर्णाली अनुगमन प्रणालीमा कार्ययोजना प्रविष्टी गर्ने कार्य भइरहेको।
- विविध कारणले स्थगन भएका आ.व. २०७९/०८० को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु कार्यान्वयनको लागि सबै स्थानीय तहहरुलाई लेखि पठाइएको।
- आ.व २०७९/०८० लाई "लिलाम बर्ष" तोकी प्रदेश मातहतका सम्पूर्ण निकायहरूलाई कार्यान्वयन गर्न पत्राचार गरिएको ।
- विभिन्न प्रदेश कानूनहरुको मस्यौदा तयार गर्ने कार्यमा छलफल भइरहेको तथा ऐन, नियमावली, निर्देशिका, कार्यविधि, परिपत्र, सचिव बैठक आदिको एकिकृत दस्तावेजको संग्रह प्रकाशन गर्ने तयारीमा रहेको ।
- हाम्रा कुरा हाम्रा मुख्यमन्त्री वेव पोर्टल सञ्चालनमा आएको छ। उक्त पोर्टलमा

- प्राप्त गुनासोः ३४८
- फछ्र्यौटः ३९
- फछ्र्यौटको प्रकृयामा रहेकाः३०९
- प्रदेश सरकार वित्तीय जोखिम मुल्याङ्कन कार्यविधि, लगायतका कानून तर्जुमा गरिएको ।
- १३ परियोजनामा नवप्रवर्तन साझेदारी कोष (IPF) परिचालन भएको ।
- लैससास, स्थानीय तह योजना तर्जुमा प्रकृया, व्यक्तिगत घटना दर्ता लगायतका विषयमा ५५७ जना प्रशिक्षक उत्पादन भएका
- सेवाकालिन तथा सेवा प्रवेश तालिम सम्पन्न भएका,
- सचिवालय व्यवस्थापन तालिमबाट माननीय मन्त्रीज्यूहरू तथा सचिवज्यूहरूको सचिवालय व्यवस्थापन प्रभावकारी भएको ।
- मध्यमकालिन खर्च संरचना तथा योजना तर्जुमा प्रकृया सम्बन्धी ज्ञान सीप ७९ वटै स्थानीय तहमा पुगेको
- सार्वजनिक खरिद सम्बन्धि प्रयोगात्मक तथा कार्यशाला मार्फत व्यवहारिक ज्ञान सीप विस्तार भएको ।
- स्थानीय तहको ७ आवधिक योजना, ३० राजश्व सुधार योजना २४ क्षमता विकास योजना तयार गरिएको
- लैससास परीक्षण र रणनीति निर्माण सवै स्थानीय तहमा प्रवेश भएको। लैससास मैत्री स्थानीय तह बनाउन मद्दत पुग्ने
- लिजा तथा वित्तीय जोखिम मुल्याङ्कन प्रणाली सवै तहमा पुगेको, व्यवस्थित स्थानीय तह बन्न मद्दत
- प्रदेश निजामती सेवा विधेयक, लोकसेवा आयोगको विधेयक तथा अध्यादेश, मुख्यन्यायधिवक्ताको विधेयक तथा आचारसंहिता निर्माण गरेको
- विभिन्न विषयमा प्रदेश मन्त्रालय लगायत अन्य निकायलाई कानूनी राय दिएको ।
- मुख्यमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम, मुख्यमन्त्री दलित आयआर्जन प्रवर्द्धन कार्यक्रमका कार्यविधि तर्जुमा गरिएको
- २४ वटा विधेयक, नियम कार्यविधि तर्जुमा गरिएको । नियम-४, नीति-२,कार्यविधि-१७ र आचारसंहिता-१
- लिखित जवाफ तयार गरी पठाएको जम्मा संख्या-२६ वटा १ वटा तयार भई पठाउने तयारीमा रहेको।
- स्थानीय तह तथा प्रदेश कानूनको सूचना प्रविधिमा आधारित एकीकृत अभिलेख प्रणाली स्थापना
- भ्रष्टाचार नियत्रण सुशासन प्रवर्द्धन (सूचनामूलक सामाग्री उत्पादन प्रकाशन, प्रशारण तथा अन्तरक्रिया कार्यक्रम)
- प्रदेश समन्वय परिषद्को बैठक संचालन तथा व्यवस्थापन-३ वटा, नयाँ जनप्रतिनिधि आएपश्चात प्रदेश समन्वय परिषद्को पुनर्गठन

<u>योजना अनुगमन</u>

- मुख्यमन्त्री रोजगार कार्यक्रममा कुल १ अरब ४९ करोड ९८ लाख ५१ हजार रूपैया सम्बन्धित स्थानीय तहमा पठाइएको । ८५.६५ प्रतिशत बजेट कार्यान्वयन भएको ।
- जम्मा ७१५ वटा वडाहरुमा कुल १०५५ वटा आयोजनाहरु कार्यान्वयनको लागि बजेट प्रवाह गरिएको ।

❑ कार्यक्रमबाट ७०० रूपैया ज्यालादरले ५० प्रतिशत रोजगार हिसाब गर्दा ९ लाख १७ हजार यूनिट रोजगारी सिर्जना भएको ।

**<u>मुख्यमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद्मा पेश भएका निर्णयहरु</u>**

<table>
<tr><th>प्रस्ताव पेश गर्ने मन्त्रालय</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>कर्णाली प्रदेश सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०७९" स्वीकृत गर्ने।</td></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>कर्णाली प्रदेश सरकार र वादी समुदाय संघर्ष समिति बीच मिति २०७७ फागुन २६ गते भएको सम्झौता अनुसार कार्यदल गठन गर्ने र सो कार्यदलको कार्यादेश स्वीकृत गर्ने।</td></tr>
<tr><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>कर्णाली प्रदेश पत्रकार कल्याण कोष सञ्चालन मापदण्ड, २०७९ स्वीकृत गर्ने।</td></tr>
<tr><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>तोकिएको शर्तको अधिनमा रही आ.व. २०७७।७८ को भुक्तानी हुन बाँकी पूर्वाधार विशेष कार्यक्रम तर्फको पूर्वाधार विकास कार्यालय, कालिकोटको रु. २४ लाख ९५ हजार ४ सय ७१ रुपैयाँ आर्थिक मामिला तथा योजना मन्त्रालयलाई व्यवस्थापन गर्न स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>सामाजिक विकास मन्त्रालय</td><td>
<table>
<tr><td>पद</td><td>मनोनीत व्यक्तिको नाम</td><td>ठेगाना</td></tr>
<tr><td>अध्यक्ष</td><td>श्री प्रेम बहादुर घले</td><td>गुमी-३, सुर्खेत</td></tr>
<tr><td>सदस्य</td><td>श्री निर्मला शर्मा</td><td>विरेन्द्रनगर-६,सुर्खेत</td></tr>
<tr><td>सदस्य</td><td>श्री केशर बहादुर रोकाय</td><td>वीरन्द्रनगर-८,सुर्खेत</td></tr>
</table>
</td></tr>
<tr><td>सामाजिक विकास मन्त्रालय</td><td>अन्तराष्ट्रिय खेल प्रतियोगितामा पदक विजेता खेलाडीलाई पुरस्कार वितरण गर्न स्वीकृति सम्बन्धमा।
<table>
<tr><td>१.</td><td>विन्दमान सार्की</td><td>नरहरीनाथ-९, कालिकोट</td><td>२,००,०००</td></tr>
<tr><td>२.</td><td>प्रकाश खड्का</td><td>वीरेन्द्रनगर -४, सुर्खेत</td><td>२,००,०००</td></tr>
<tr><td>३.</td><td>हिक्मत रोका</td><td>नौमुले -४, दैलेख</td><td>२,००,०००</td></tr>
<tr><td>४.</td><td>सुनुमाया बुढा</td><td>पातारासी-२, जुम्ला</td><td>२,००,०००</td></tr>
<tr><td>५.</td><td>कामना विष्ट</td><td>भेरी मालिका-४, जाजरकोट</td><td>५०,०००</td></tr>
</table>
</td></tr>
</table>

| | |
|---|---|
| जलस्रोत तथा उर्जा विकास मन्त्रालय | जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडबाट छुट्याइएको शेयर स्वीकृति तथा शेयर रकम भुक्तानीका लागि बजेट व्यवस्थापन गर्ने। |

| | |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | साविक महिला विकास प्रशिक्षण केन्द्र, सुर्खेतको वीरेन्द्रनगर-८ स्थित जग्गामा प्रदेश सुशासन केन्द्रको भवन निर्माण गर्न स्वीकृति प्रदान गर्ने। |
| सामाजिक विकास मन्त्रालय | कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| क) भौतिक पूर्वाधार विकास मन्त्रालय | कर्णाली प्रदेश निर्वाचन क्षेत्रगत पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ स्वीकृत गर्ने। |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | र कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ स्वीकृत गर्ने। |
| सामाजिक विकास मन्त्रालय | दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण र विकास गर्ने सम्बन्धमा बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | हाम्रा कुरा हाम्रा मुख्यमन्त्री विद्युतीय गुनासो व्यवस्थापन निर्देशिका, २०७९ स्वीकृत गर्ने सम्बन्धमा । |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | कर्णाली प्रदेश निर्वाचन क्षेत्रगत पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ स्वीकृत गर्ने। |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | र कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ स्वीकृत गर्ने। |
| सामाजिक विकास मन्त्रालय | दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण र विकास गर्ने सम्बन्धमा बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | आ.व. २०७६।०७७ सम्मको बार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरेका प्राइभेट फर्मले २०७९ साल पौष मसान्तभित्र विवरण र जरिबाना तथा शुल्कको छ प्रतिशत |

| | |
|---|---|
| | रकम बुझाएमा बाँकी जरिबाना तथा शुल्क मिनाहा गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिमा विचाराधीन सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ को सम्बन्धमा प्रदेश सरकारको धारणा पठाउने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेतको प्रशासनिक भवन निर्माणको कार्य भई रहेकोमा विस्तृत परियोजना प्रतिवेदन अनुसार ल्याण्डस्केपिङ्ग र पार्किङ स्थल निर्माण गर्न हाल कार्यालयले प्रयोग गरिरहेको पुरानो भवन भत्काई लिलाम गर्न स्वीकृति प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | विधेयकको मस्यौदा तर्जुमाका लागि कर्णाली प्रदेश सरकारबाट लिनुपर्ने सैद्धान्तिक स्वीकृतिको अवधारणापत्रको ढाँचा स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | माननीय मुख्यमन्त्रीज्यूको काममा सहयोग पुऱ्याउन वरगाउँ-८ हुम्ला जिल्लामा बसोवास गर्ने सुश्री याङजुङ्ग डोल्मा लामालाई पारिश्रमिक वापत मासिक रु. ४५,०००/- र घरभाडा वापत मासिक रु. १५,०००/- मात्र पाउने गरी समन्वय विज्ञ नियुक्त गर्ने। |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | "भूमि, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९" स्वीकृत गर्ने। |
| सामाजिक विकास मन्त्रालय | स्वयंसेवकलाई उपलब्ध गराउने निर्वाह भत्ता निर्धारणका लागि स्वीकृति प्रदान गर्ने। |
| सामाजिक विकास मन्त्रालय | कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| जलस्रोत तथा उर्जा विकास मन्त्रालय | कर्णाली प्रदेशको खानेपानी तथा सरसफाई सम्बन्धी विधेयक तर्जुमा गर्न जलस्रोत तथा उर्जा विकास मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको आवासीय तालिम केन्द्र निर्माण गर्नका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माणका लागि गर्नुपर्ने Master plan/ Detailed project report लगायतका कार्यको जिम्मेवारी भौतिक पूर्वाधार मन्त्रालयलाई प्रदान गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको चालु दशौं अधिवेशन मिति २०७९/५/३१ गते शुक्रबार राती १२:०० बजेदेखि अन्त्य |

<table>
<tr><td></td><td></td><td>गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।</td></tr>
<tr><td></td><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०७९ लाई स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td></td><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>विपद् उद्धार साहसिक पुरस्कार वितरण कार्यविधि, २०७९ लाई स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td></td><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>द्वन्द्व पीडित घाइते अपाङ्ग उपचार खर्च कार्यविधि, २०७९ लाई स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td></td><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका, २०७९ लाई स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td></td><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>सहिद स्मृति भत्ता वितरण निर्देशिका, २०७९ लाई स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td></td><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>विपद् उद्दार तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०७९ मा आर्थिक ब्ययभार सम्बन्धी विषयलाई समावेश गर्न स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>१</td><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>लोक सेवा आयोगबाट माग आकृति फाराम भरी पठाउन अनुरोध भई आएबमोजिम यस कार्यालयबाट माग आकृति फाराम भरी पठाइएकोमा कम्प्युटर इन्जिनियर पदको सेवा नेपाल इन्जिनियरिङ्ग उल्लेख हुन गएको तर नेपाल विविध सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० को अनुसूची-१ बमोजिम कम्प्युटर इन्जिनियरको पदलाई नेपाल विविध सेवा अन्तर्गतको सेवा/समूह निर्धारण गरेको हुनाले कम्प्युटर इन्जिनियर पदको सेवा/समूहलाई इन्जिनियरिङ सेवाको सट्टा नेपाल विविध सेवा कायम गर्ने।</td></tr>
<tr><td></td><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>कर्णाली प्रदेशका विभिन्न भौगोलिक क्षेत्रमा स्वीकृत दरबन्दीमा सेवा करारमा कार्यरत कर्मचारीलाई आ.व. २०७९/८० को साउन १ गते देखि लागु हुने करार सम्झौतामा उल्लेख गरी देहायको रकम कर्णाली प्रोत्साहन भत्ताको रुपमा उपलब्ध गराउने।
<table>
<tr><td>१.</td><td>सुर्खेत</td><td>४,०००/-</td></tr>
<tr><td>२.</td><td>सल्यान, रुकुम पश्चिम, जाजरकोट र दैलेख</td><td>६,०००/-</td></tr>
<tr><td>३.</td><td>कालिकोट र जुम्ला</td><td>८,०००/-</td></tr>
<tr><td>४.</td><td>मुगु, डोल्पा र हुम्ला</td><td>१०,०००/-</td></tr>
</table></td></tr>
</table>

| | |
|---|---|
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश सरकारका पूर्व आर्थिक मामिला तथा योजना मन्त्री श्री विन्दमान विष्ट अकस्मात विरामी भई सुर्खेत र काठमाण्डौका विभिन्न अस्पतालहरुमा मिति २०७९/०३/२५ देखि २०७९/०४/१० सम्म उपचार गराउनु भएकोमा उपचारको सिलशिलामा भएको खर्चको विवरण तथा विल/भरपाई बमोजिमको उपचार खर्च वापत रु. ३,१४,१६९.४३ (तीन लाख चौध हजार एक सय उनान्साठी रुपैंयाँ त्रिचालीस पैसा मात्र) भुक्तानी दिने। |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | संघीय सशर्त अनुदानमार्फत् कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय अन्तर्गतको सडक कार्यालय रुकुम (पश्चिम) चौरजहारीबाट कार्यान्वयन हुने गरी बजेट उपशिर्षक नं.३३७९११३२ "गुमी पातिहाल्ना चौर सुर्खेत सडक", कार्यक्रम अन्तर्गत "जरे-शिवनगर-गुमी-पातिहाल्ना राकम सडक सुर्खेत" को लागि चालु आ.व.०७९/०८० मा विनियोजित बजेट रकम रु. ९,००,००,०००।– (नौ करोड रुपैयाँ) उक्त कार्यक्रम कार्यान्वयनको लागि पर्याप्त नभएको र सो कार्यक्रम स्रोत सुनिश्चितता गरी वहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्न उपयुक्त हुने देखिएकोले संघीय सरकारबाट नै कार्यान्वयनको लागि आवश्यक व्यवस्था हुन संघीय सरकार समक्ष अनुरोध गर्ने। |

नियमावली/निर्देशिका/कार्यविधि/मापदण्डहरुको सूचीः

| | |
|---|---|
| १ | प्रदेश लोक सेवा आयोगको विधेयक पहिलो संशोधन सहित. |
| २ | कार्य विभाजन दोस्रो संशोधन नियमावली २०७४ |
| ३ | कार्य सम्पादन तेस्रो शंसोधन नियमावली २०७४। |
| ४ | कार्य सम्पादन दोस्रो संशोधन नियमावली २०७४। |
| ५ | सञ्चितकोष नियमावली, २०७५। |
| ६ | सार्वजनिक लिखत प्रमाणिकरण नियमावली। |
| ७ | एकीकृत बस्ती कार्यक्रम सञ्चालन कार्यविधि, २०७८। |
| ८ | प्रदेशको वित्तीय जोखिम न्यूनीकरण कार्यविधि २०७८। |
| ९ | मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ |
| १० | अनुदान व्यवस्थापन कार्यविधि नियम |
| ११ | कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि। |
| १२ | कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७। |
| १३ | जीविकोपार्जन कार्यविधि पहिलो संशोधन सहित। |

| | |
|---|---|
| १४ | प्रदेश मन्त्रिपरिषद्सम्बन्धी कार्यविधि। |
| १५ | प्रदेश सेवाका कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५। |
| १६ | प्राविधिक जनशक्ति सेवा करार छनौट गर्ने कार्यविधि, २०७७ पहिलो संशोधन। |
| १७ | प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७८। |
| १८ | प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि। |
| १९ | बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कार्यविधि। |
| २० | बैङ्क खाता छोरीको सुरक्षा जीवनभरीको कार्यविधि संशोधन। |
| २१ | बैठक तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७। |
| २२ | मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्_चालन कार्यविधि, २०७८। |
| २३ | श्रमदिन अभियान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि_1। |
| २४ | एकिकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७। |
| २५ | कर्णाली प्रदेश निजामती कर्मचारीको सरुवा तथा काज सम्बन्धी मापदण्ड, २०७७। |
| २६ | कर्णाली प्रदेश मन्त्रिपरिषद सदस्यको आचार संहिता। |
| २७ | २०७९-०८० को निति तथा कार्यक्रम। |

आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

चालुतर्फको जम्मा बजेटः १९,५४,५२,०००.००।-

खर्च३२,४९५०६४.००।-

बाँकी १६,२९,५६,९३६.००।-

पुँजिगततर्फको जम्मा बजेटः ४९,२३,७,०००.००।-

खर्च २,२६,२७,७६५.००।-

बाँकी ४,२१०,२४.००।-